# लैङ्गिक समानता कायम गर्न केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०६३

प्रमाणीकरण र प्रकाशन मिति

२०६३।७।१७

२०६३ सालको ऐन नं. ११

## लैङ्गिक समानता कायम गर्न केही नेपाल ऐन संशोधन गर्न बनेको ऐन

**प्रस्तावना** : प्रचलित नेपाल कानूनमा महिला पुरुषबीच कायम रहेका भेदभावजन्य व्यवस्थालाई समयानुकूल परिवर्तन गरी लैङ्गिक समानता कायम गर्न केही नेपाल ऐनमा संशोधन गर्न आवश्यक भएकोले,

प्रतिनिधि सभाको घोषणा, २०६३ जारी भएको पहिलो वर्षमा प्रतिनिधि सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "लैङ्गिक समानता कायम गर्न केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०६३" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **मुलुकी ऐनमा संशोधन** : मुलुकी ऐनको,-

(१) अदालती बन्दोबस्तको महलको,-

(१) ११ नम्बरको दफा ४ पछि देहायको दफा ४क. थपिएको छ :-

"विधवा महिला वादी वा पुनरावेदक भएको मुद्दा ..................४क."

(२) ७६ नम्बरमा रहेका "फलानाको छोरा, छोरी वा पत्नी" भन्ने शब्दहरुको सट्टा "फलानाको छोरा, छोरी, पति वा पत्नी" भन्ने शब्दहरु राखिएका छन् ।

(३) १०७ नम्बरमा रहेका "बाबु वा पतिको" भन्ने शब्दहरुको सट्टा "बाबुआमा वा पति पत्नीको" भन्ने शब्दहरु राखिएका छन् ।

(४) ११० नम्बरको दफा १ मा रहेका "जहानमा भरसक लोग्ने मानिसलाई र नभए स्वास्नी मानिसलाई" भन्ने शब्दहरुको सट्टा "उमेर पुगेका कुनै व्यक्तिलाई" भन्ने शब्दहरु राखिएका छन् ।

(५) १२८ नम्बरमा रहेका "फलानाको छोरा, छोरी वा पत्नी" भन्ने शब्दको सट्टा "फलानाको छोरा, छोरी, पति वा पत्नी" भन्ने शब्दहरु राखिएका छन् ।

(६) १५२ नम्बरमा रहेका "तिम्रो बाबुको" भन्ने शब्दहरुको सट्टा "तिम्रो बाबुआमा भए बाबुआमाको नभए संरक्षकको" भन्ने शब्दहरु राखिएका छन् ।

(७) १६१ नम्बरमा रहेको "बाबुको" भन्ने शब्दको सट्टा "बाबुआमा भए बाबुआमाको नभए संरक्षकको" भन्ने शब्दहरु राखिएका छन् ।

(२) गरीब कङ्गालको महलको ३ नम्बरमा रहेका "आमा पोइल जाने" भन्ने शब्दहरुको सट्टा "आमाले अर्को विवाह गरेमा निजको" भन्ने शब्दहरु राखिएका छन् ।

(३) लोग्ने स्वास्नीको महलको,-

(१) १ नम्बरको,-

(क) दफा १ मा रहेका "विवाह भएको दश वर्षभित्र स्वास्नीको कारणबाट सन्तान नभएको भन्ने श्री ५ को सरकारबाट मान्यताप्राप्त मेडिकल बोर्डबाट प्रमाणित भएमा वा" भन्ने शब्दहरु झिकिएका छन् ।

(ख) दफा २ मा रहेको "ठहरेमा" भन्ने शब्द पछि "वा जबर्जस्ती करणीको महलको ३ नम्बरको दफा ६ बमोजिम लोग्नेले स्वास्नीलाई जबर्जस्ती करणी गरेको ठहरेमा" भन्ने शब्दहरु थपिएका छन् ।

(२) ३ नम्बरको,-

(क) दफा १ मा रहेका "पाँच वर्ष मुनिका नाबालकलाई पाँच वर्षको उमेर नपुगेसम्म" भन्ने शब्दहरुको सट्टा "नाबालकलाई" भन्ने शब्द राखिएको छ ।

(ख) दफा २ झिकिएको छ ।

(ग) दफा ३ मा रहेका "र २" भन्ने शब्दहरु झिकिएका छन् ।

(४) अंशवण्डाको महलको १६ नम्बर र १९क. नम्बर झिकिएका छन् ।

(५) स्त्री अंश धनको महलको २ नम्बरको सट्टा देहायको २ नम्बर राखिएको छ :-

"२ नं. ॥ ॥ भिन्न भएको कन्या, सधवा वा विधवाले आफ्नो अंश हकको चल अचल सम्पत्ति आफूखुशी गर्न पाउँछन् ।"

(६) धर्मपुत्रको महलको,-

(१) महल शीर्षकमा रहेको "धर्मपुत्रको" भन्ने शब्दको सट्टा "धर्मपुत्र, धर्मपुत्रीको" भन्ने शब्दहरु राखिएका छन् ।

(२) २ नम्बरको सट्टा देहायको २ नम्बर राखिएको छ :-

"२ नं. ॥ ॥ आफ्नो छोरा, छोरी भएको व्यक्ति बाहेक अन्यले लिखत गरी धर्मपुत्र वा धर्मपुत्री राख्न हुन्छ ।

तर, छोरा हुनेले धर्मपुत्र र छोरी हुनेले धर्मपुत्री राख्न पाउने छैन ।"

(३) २क. नम्बर झिकिएको छ ।

(७) अपुतालीको महलको,-

(१) १ नम्बरको सट्टा देहायको १ नम्बर राखिएको छ :-

"१ नं. ॥ ॥ हकवाला भनेको सम्बन्धित व्यक्तिको सात पुस्तासम्मको सबैभन्दा नजिकको अंशियार हुन्छ। सात पुस्ता नाघेको टाढाको नातेदार हुन्छ ।"

(२) ११ नम्बरमा रहेका "चलमा सबै र अचलमा आधासम्म स्याहार सम्भार गर्नेले र बाँकी आधा ऐन बमोजिम हकवालाले पाउँछ" भन्ने शब्दहरुको सट्टा "सबै चल अचल सम्पत्ति त्यस्तो स्याहार सम्भार गर्नेले पाउँछ" भन्ने शब्दहरु राखिएका छन् ।

(३) १२क. नम्बर झिकिएको छ ।

(८) लेनदेन व्यवहारको महलको ९ नम्बरको सट्टा देहायको ९ नम्बर राखिएको छ :-

"९ नं. ॥ ॥ यसै महलको ८ नम्बर बमोजिम मुख्य भै कामकाज गरेकोमा बाहेक अरु अवस्थामा एकाघरका उमेर पुगेको कुनै व्यक्तिले कुनै व्यवहार गरेको रहेछ भने



नेपाल कानून आयोग

निजले आफूले पाउने धनमा निजको हक नपुगेसम्म साहूले सो धनमा समाउन पाउँदैन । निजले आफैले आर्जन गरेको वा आफूखुशी गर्न पाउने सम्पत्तिबाट मात्र लिन पाउँछ। निजको आफ्नो आर्जनको वा आफूखुशी गर्न पाउने सम्पत्ति रहेनछ भने निजले पाउने धनमा हक नपुगेसम्म धरपकड गर्न पनि हुँदैन । यस्तोमा दश वर्षभित्र नालिस गरी आफ्नो हक कायम गराई राखे मात्र त्यस्तो धनमा निजको हक पुगेपछि साहूले ऐन बमोजिम गरिलिन पाउँछ। त्यस्तोमा आसामीको हक पुगेका मितिले दण्ड सजायको महलको ४२ नम्बर बमोजिमको भरी भराउको दरखास्त दिने म्याद शुरु हुन्छ ।"

(९) रजिष्ट्रेशनको महलको,-

(१) १ नम्बरमा रहेका "धर्मपुत्रको" भने शब्दको सट्टा "धर्मपुत्र, धर्मपुत्रीको" भन्ने शब्दहरु राखिएका छन् ।

(२) ३१ नम्बरमा रहेका "बाबु र बाजेको" भन्ने शब्दहरुको सट्टा "बाबु, आमा र बाजे, बज्यैको" भन्ने शब्दहरु राखिएका छन् ।

(१०) ज्यान सम्बन्धीको महलको,-

(१) २८क. नम्बरको सट्टा देहायको २८क. नम्बर राखिएको छ :-

"२८क. नं. ॥ ॥ कसैले गर्भवती महिलालाई करकाप, धम्की, ललाई फकाई वा प्रलोभनमा पारी गर्भपतन गराउन हुँदैन । त्यसरी गर्भपतन गराउनेलाई देहाय बमोजिमको सजाय हुनेछ :-

बाह्र हप्तासम्मको गर्भ भए एक वर्ष कैद ............................१

पच्चीस हप्तासम्मको गर्भ भए तीन वर्ष कैद ........................१

पच्चीस हप्ताभन्दा बढीको गर्भ भए पाँच वर्ष कैद ..................१

(२) २८ख. नम्बरपछि देहायका २८ग. र २८घ. नम्बरहरु थपिएका छन् :-

"२८ग. नं. ॥ ॥ कसैले गर्भपतन गराउने उद्देश्यले गर्भमा रहेको भ्रूणको लिङ्ग पहिचान हुने कुनै काम गर्न गराउनु हुँदैन। त्यस्तो काम गर्ने गराउनेलाई तीन महिनादेखि छ महिनासम्म कैद हुनेछ।

२८घ. नं. ॥ ॥ २८ग. नम्बर अनुसार लिङ्ग पहिचान गरी गर्भपतन गर्ने गराउनेलाई छ महिनादेखि दुई वर्षसम्म कैद हुनेछ ।"

(११) आसय करणीको महलको १ नम्बरको सट्टा देहायको १ नम्बर राखिएको छ :-

"१ नं. ॥ ॥ कसैले कुनै महिलाको मञ्जूरी बिना निजको सम्बेदनशील अङ्ग छोएमा वा छुने प्रयास गरेमा, निजको भित्री पोशाक खोलेमा वा खोल्ने प्रयास गरेमा, निजलाई अस्वभाविक रुपमा कुनै एकान्त ठाउँमा लगेमा, आफ्नो यौन सम्बन्धी अङ्ग निजलाई छुन, समाउन लगाएमा वा निजलाई अश्लिल वा अन्य त्यस्तै प्रकारको शब्द, संकेत प्रयोग गरेमा वा चित्र, तस्वीर देखाएमा, यौनका आशयले जिस्काएमा वा हैरानी दिएमा वा निजसँग यस्तै अन्य कुनै किसिमले अस्वभाविक व्यवहार गरेमा वा निजलाई करणीका आशयले समातेमा यौन दुर्व्यवहार गरेको मानिनेछ र त्यस्तो कसूर गर्ने व्यक्तिलाई एक वर्षसम्म कैद र दश हजार रुपैयाँसम्म जरिबाना हुनेछ। यस्तो कार्यबाट पीडित व्यक्तिलाई कसूरदारबाट मनासिब माफिकको क्षतिपूर्ति समेत भराई दिनु पर्नेछ।"

(१२) जबर्जस्ती करणीको महलको,-

(१) १ नम्बरको सट्टा देहायको १ नम्बर राखिएको छ :-

"१ नं. ॥ ॥ कसैले कुनै महिलालाई निजको मञ्जूरी नलिई करणी गरेमा वा सोह्र वर्षभन्दा कम उमेरकी बालिकालाई निजको मञ्जूरी लिई वा नलिई करणी गरेमा निजले जबर्जस्ती करणी गरेको ठहर्छ ।

स्पष्टीकरण : यस नम्बरको प्रयोजनको लागि :

(क) डर, त्रास, धाक देखाई वा करकाप, अनुचित प्रभाव, झुक्यानमा पारी वा जोरजुलुम गरी वा अपहरण गरी वा शरीर बन्धक राखी लिएको मञ्जूरीलाई मञ्जूरी मानिने छैन ।

(ख) होस ठेगानमा नरहेको अवस्थामा लिएको मञ्जूरीलाई मञ्जूरी मानिने छैन ।

(ग) योनीमा लिङ्ग केही मात्र प्रवेश भएको रहेछ भने पनि यस नम्बरको प्रयोजनको लागि करणी गरेको मानिनेछ ।"

(२) ३ नम्बरको सट्टा देहायको ३ नम्बर राखिएको छ :-

"३ नं. ॥ ॥ जबर्जस्ती करणी गर्नेलाई देहाय बमोजिम कैद सजाय हुनेछ :-

दश वर्षभन्दा मुनिकी बालिका भए दशदेखि पन्ध्र वर्षसम्म ..........१

दश वर्ष वा सोभन्दा बढी चौध वर्षभन्दा कम उमेरकी बालिका भए आठदेखि बाह्र वर्षसम्म ................................................२

चौध वर्ष वा सोभन्दा बढी सोह्र वर्षभन्दा कम उमेरकी बालिका भए छ वर्षदेखि दश वर्षसम्म................................................३

सोह्र वर्ष वा सोभन्दा बढी बीस वर्षभन्दा कम उमेरकी महिला भए पाँच वर्षदेखि आठ वर्षसम्म ..........................................४

बीस वर्ष वा सोभन्दा बढी उमेरकी महिला भए पाँचदेखि सात वर्षसम्म ................................................................ ५

यस नम्बरमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि लोग्नेले स्वास्नीलाई जबर्जस्ती करणी गरेमा तीन महिनादेखि छ महिनासम्म .......................................................६"

(३) ३क. नम्बरपछि देहायको ३ख. नम्बर थपिएको छ :-

"३ख. नं. ॥ ॥ ३ नम्बर र ३क. नम्बरमा जुनसुकै कुरा लेखिएको भए तापनि आफूलाई मानवरोग प्रतिरोधक क्षमता नष्ट गर्ने जिवाणु ( एच.आई.भी. पोजिटिभ) को रोग भएको थाहा पाउँदापाउँदै कसैले जबर्जस्ती करणी गरेको रहेछ भने त्यस्तो कसूरदारलाई ३ नम्बर र ३क. नम्बरमा लेखिएको सजायमा थप एक वर्ष कैद सजाय हुनेछ ।"

(४) १० नम्बर को सट्टा देहायको १० नम्बर राखिएको छ :-

"१० नं. ॥ ॥ कसैले कुनै महिलालाई जबर्जस्ती करणी गरेको ठहरेमा अदालतले त्यस्ती महिलालाई भएको शारीरिक वा मानसिक क्षति विचार गरी मनासिब ठहराए बमोजिमको क्षतिपूर्ति कसूरदारबाट भराई दिनु पर्नेछ। त्यस्तो क्षतिपूर्ति निर्धारण गर्दा कसूरको गाम्भीर्यता, कसूरबाट पीडित

व्यक्तिको मृत्यु भइसकेको रहेछ भने निजमा आश्रित नाबालक छोराछोरी भए निजहरुलाई पर्न गएको पीडा समेत विचार गरी निर्धारण गर्नु पर्नेछ।"

(५) १०ख. नम्बरपछि देहायको १०ग. नम्बर थपिएको छ :-

"१०ग. नं. ॥ ॥ यस महल अन्तर्गतको मुद्दाको फैसला गर्दा जबर्जस्ती करणी ठहर गरेकोमा सोही फैसलामा यस महल बमोजिम कसूरदारबाट भराई दिनु पर्ने क्षतिपूर्ति समेत उल्लेख गरी सम्बन्धित महिलालाई भराई दिनु पर्नेछ। क्षतिपूर्ति भराउने प्रयोजनको लागि यस महल अन्तर्गतको मुद्दा दायर भएलगत्तै अदालतले आरोपित व्यक्तिको अंश लगायतका अन्य सम्पत्ति रोक्का राख्नु पर्नेछ।"

(१३) विहावरीको महलको,-

(१) ९ नम्बरपछि देहायको ९क. नम्बर थपिएको छ :-

"९क नं. ॥ ॥ यसै महलको ९ नम्बर बमोजिम विवाह गर्दा स्वास्नी निको नहुने गरी बौलाएको र अंश लिइ भिन्न बसेकोमा बाहेक अन्य अवस्थामा स्वास्नीको सहमति लिनु पर्नेछ।"

(२) १० नम्बरमा रहेको "९" अंकपछि "र ९क." भन्ने शब्दहरु थपिएका छन्।

(१४) अदलको महलको ५ नम्बरको सट्टा देहायको ५ नम्बर राखिएको छ :-

"५ नं. ॥ ॥ कैद वा थुनामा रहेकी कुनै महिलालाई सरकारी कर्मचारीले करणी गरेमा वा करणी गर्न अरु कसैलाई संयोग पारी, मिलाई दिई करणी गराएमा वा चिकित्सा सेवा उपलब्ध गराउने चिकित्सक वा स्वास्थ्यकर्मीले त्यस्तो सेवा प्राप्त गर्न आएकी कुनै महिलालाई सो सेवा उपलब्ध गराउँदा वा गराउने स्थानमा करणी गरेमा वा आफूले संरक्षण दिएकी वा आफ्नो हेरविचारमा रहेकी कुनै महिलालाई त्यसरी संरक्षण दिने वा हेरविचार गर्ने व्यक्तिले करणी गरेमा वा होस ठेगानमा नरहेकी वा शारीरिक वा मानसिक रोग लागी उपचार वा पुनर्स्थापना गर्न राखिएकी कुनै महिलालाई त्यस्तो उपचार वा पुनर्स्थापना गर्ने संस्थाका पदाधिकारी वा कर्मचारीले करणी गरेमा एक वर्षदेखि तीन वर्षसम्म कैद हुनेछ। त्यस्तो कार्य गर्दा यस ऐन वा अन्य कानून अनुसार पनि सजाय हुने रहेछ भने सो सजाय समेत थप हुनेछ।"

३ **नेपाल कानून व्याख्या सम्बन्धी ऐन, २०१० मा संशोधन** : नेपाल कानून व्याख्या सम्बन्धी ऐन, २०१० को दफा २ को खण्ड (म) पछि देहायको खण्ड (म१) राखिएको छ :-

"(म१) "पुत्री" (छोरी) यो शब्दले ऐनमा धर्मपुत्री राख्न पाउनेले राखेको धर्मपुत्रीलाई समेत जनाउँछ।"

४. **प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ मा संशोधन** : प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ को दफा ४ को उपदफा (१) को खण्ड (घ) मा रहेका "बाबु बाजेको नाम" भन्ने शब्दहरुको सट्टा "बाबुआमा र बाजे, बज्यैको नाम" भन्ने शब्दहरु राखिएका छन्।

५. **कर्मचारी सञ्चय कोष ऐन, २०१९ मा संशोधन** : कर्मचारी सञ्चय कोष ऐन, २०१९ को दफा १५क. को उपदफा (१) मा रहेको "उसैले" भन्ने शब्द पछि "र एकै क्रमका एकभन्दा बढी जीवित नातेदार भएमा दामासाहीले" भन्ने शब्दहरु थपी सोही उपदफाको खण्ड (क) देखि खण्ड (ञ) को सट्टा देहायका खण्ड (क) देखि खण्ड (न) राखिएका छन् :-

"(क) सगोलको पति वा पत्नी,

(ख) सगोलको छोरा, छोरी, विधवा छोरा बुहारी,



नेपाल कानून आयोग

(ग) सगोलको बाबु आमा, (विवाहिता महिलाको हकमा सासू ससुरा),

(घ) आफैले पालनपोषण गर्नु पर्ने बाजे बज्यै र छोरापट्टिको नाति, नातिनी,

(ङ) भिन्न बसेको पति पत्नी,

(च) भिन्न बसेको अविवाहिता छोरी, छोरा, विधवा छोरा बुहारी,

(छ) भिन्न बसेका बाबु आमा,

(ज) सगोलको सौतेनी आमा,

(झ) सगोलको सौतेनी छोरा छोरी,

(ञ) सगोलको दाजु भाइ, दिदी बहिनी,

(ट) विवाहिता महिलाको हकमा भिन्न बसेका सासू ससुरा,

(ठ) भिन्न बसेका छोरापट्टिको नाति, अविवाहिता नातिनी,

(ड) भिन्न बसेको सौतेनी आमा,

(ढ) भिन्न बसेका सौतेनी छोरा, अविवाहिता सौतेनी छोरी,

(ण) विवाहिता महिलाको हकमा सगोलको जेठाजु, जेठानी, देवर, देवरानी,

(त) सगोलको भतिजा, भतिजी,

(थ) सगोलको काका, विधवा काकी, भाउजू, भाइ बुहारी,

(द) भिन्न बसेका दाजु भाइ, दिदी बहिनी,

(ध) भिन्न बसेका बाजे, बज्यै, नातिनी बुहारी, भतिजा, भतिजी,

(न) कर्मचारीसँग अन्तिम अवस्थासम्म सँगै बसी निजको हेरचाह गर्ने व्यक्ति ।"

६. <u>**भूमि सम्बन्धी ऐन, २०२१ मा संशोधन**</u> : भूमि सम्बन्धी ऐन, २०२१ को,-

(१) दफा २ को खण्ड (ग) को,-

(क) उपखण्ड (२) मा रहेको "छोरा," भन्ने शब्द पछि "छोरी," भन्ने शब्द थपिएको छ ।

(ख) उपखण्ड (३) झिकिएको छ ।

(२) दफा २६ को उपदफा (१) मा रहेका "एकासगोलका पति, पत्नी, छोरा, आमा, बाबु, धर्मपुत्र, पैंतीस वर्ष पुगेकी अविवाहिता छोरी, छोरा बुहारी, नाति, नातिनी बुहारी वा दाजु, भाइहरु" भन्ने शब्दहरुको सट्टा "एकासगोलका पति, पत्नी, छोरा, छोरी, आमा, बाबु, धर्मपुत्र, धर्मपुत्री, छोरा बुहारी, नाति, नातिनी, नातिनी बुहारी, दाजु भाइ वा दिदी बहिनीहरु" भन्ने शब्दहरु राखिएका छन् ।

७. <u>**सर्वोच्च अदालतका न्यायाधीशहरुको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धी ऐन, २०२६ मा संशोधन**</u>: सर्वोच्च अदालतका न्यायाधीशहरुको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धी ऐन, २०२६ को,-

(१) दफा ५ग. को उपदफा (२) मा रहेको "श्रीमती" भन्ने शब्दपछि "वा श्रीमान्" भन्ने शब्द थपी सोही उपदफामा रहेको "श्रीमतीको" भन्ने शब्दको सट्टा "श्रीमती वा श्रीमान्को" भन्ने शब्दहरु राखिएका छन् ।

(२) दफा ७ग. को,-

(क) उपदफा (३) मा रहेका “सन्तती वा धर्मपुत्र” भन्ने शब्दहरुको सट्टा “सन्तान” भन्ने शब्द राखिएको छ ।

(ख) उपदफा (४) मा रहेका “सन्तती वा धर्मपुत्र” भन्ने शब्दहरुको सट्टा “विधुर पति वा सन्तान” भन्ने शब्दहरु राखिएका छन् ।

(ग) उपदफा (५) झिकिएको छ ।

(घ) उपदफा (६) मा रहेका “सन्तती, धर्मपुत्र” भन्ने शब्दहरुको सट्टा “सन्तान” भन्ने शब्द राखिएको छ ।

८. **विवाह दर्ता ऐन, २०२८ मा संशोधन** : विवाह दर्ता ऐन, २०२८ को दफा ४ को उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छ :-

“(३) पुरुष र स्त्री दुवैको उमेर बीस वर्ष पूरा भएको ।”

९. **बोनस ऐन, २०३० मा संशोधन** : बोनस ऐन, २०३० को दफा १० को उपदफा (२) मा रहेका “उसैले” भन्ने शब्द पछि “र एकै क्रमका एकभन्दा बढी जीवित नातेदार भएमा दामासाहीले” भन्ने शब्दहरु थपी सोही उपदफाको खण्ड (क) देखि खण्ड (ड) को सट्टा देहायका खण्ड (क) देखि खण्ड (न) राखिएका छन् :-

“(क) सगोलको पति वा पत्नी,

(ख) सगोलको छोरा, छोरी, विधवा छोरा बुहारी,

(ग) सगोलको बाबु आमा, (विवाहिता महिलाको हकमा सासू ससुरा),

(घ) आफैले पालनपोषण गर्नु पर्ने बाजे बज्यै र छोरापट्टिको नाति, नातिनी,

(ङ) भिन्न बसेको पति पत्नी,

(च) भिन्न बसेको अविवाहिता छोरी, छोरा, विधवा छोरा बुहारी,

(छ) भिन्न बसेका बाबु आमा,

(ज) सगोलको सौतेनी आमा,

(झ) सगोलको सौतेनी छोरा छोरी,

(ञ) सगोलको दाजु भाइ, दिदी बहिनी,

(ट) विवाहिता महिलाको हकमा भिन्न बसेका सासू ससुरा,

(ठ) भिन्न बसेका छोरापट्टिको नाति, अविवाहिता नातिनी,

(ड) भिन्न बसेको सौतेनी आमा,

(ढ) भिन्न बसेका सौतेनी छोरा, अविवाहिता सौतेनी छोरी,

(ण) विवाहिता महिलाको हकमा सगोलको जेठाजु, जेठानी, देवर, देवरानी,

(त) सगोलको भतिजा, भतिजी,

(थ) सगोलको काका, विधवा काकी, भाउजू, भाइ बुहारी,

(द) भिन्न बसेका दाजु भाइ, दिदी बहिनी,

(ध) भिन्न बसेका बाजे, बज्यै, नातिनी बुहारी, भतिजा, भतिजी,

(न) कर्मचारीसँग अन्तिम अवस्थासम्म सँगै बसी निजको हेरचाह गर्ने व्यक्ति ।”

१०. **जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३ मा संशोधन** : जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३ को दफा ४ को उपदफा (१) को खण्ड (क) मा रहेका "पुरुषहरुमध्ये सबैभन्दा जेठो" भन्ने शब्दहरु झिकिएका छन् ।

११. **निवृत्ति कोष ऐन, २०४२ मा संशोधन** : निवृत्ति कोष ऐन, २०४२ को दफा २३ को उपदफा (१) मा रहेको "उसैले" भन्ने शब्द पछि "र एकै क्रमका एकभन्दा बढी जीवित नातेदार भएमा दामासाहीले" भन्ने शब्दहरु थपी सोही उपदफाको "खण्ड (क) देखि खण्ड (झ)" को सट्टा देहायका खण्ड (क) देखि खण्ड (न) राखिएका छन् :-

"(क) सगोलको पति वा पत्नी,

(ख) सगोलको छोरा, छोरी, विधवा छोराबुहारी,

(ग) सगोलको बाबु आमा, (विवाहिता महिलाको हकमा सासू ससुरा)

(घ) आफैले पालन पोषण गर्नु पर्ने बाजे, बज्यै र छोरापट्टिको नाति, नातिनी,

(ङ) भिन्न बसेको पति, पत्नी,

(च) भिन्न बसेको अविवाहिता छोरी, छोरा, विधवा छोरा बुहारी,

(छ) भिन्न बसेका बाबु, आमा,

(ज) सगोलको सौतेनी आमा,

(झ) सगोलको सौतेनी छोरा, छोरी,

(ञ) सगोलको दाजु भाइ, दिदी बहिनी,

(ट) विवाहित महिलाको हकमा भिन्न बसेका सासू ससुरा,

(ठ) भिन्न बसेका छोरापट्टिको नाति, अविवाहिता नातिनी,

(ड) भिन्न बसेको सौतेनी आमा,

(ढ) भिन्न बसेका सौतेनी छोरा, अविवाहिता सौतेनी छोरी,

(ण) विवाहिता महिलाको हकमा सगोलको जेठाजु, जेठानी, देवर, देवरानी,

(त) सगोलको भतिजा, भतिजी,

(थ) सगोलको काका, विधवा काकी, भाउजू, भाइ बुहारी,

(द) भिन्न बसेका दाजु भाइ, दिदी बहिनी,

(ध) भिन्न बसेका बाजे, बज्यै, नातिनी बुहारी, भतिजा, भतिजी,

(न) कर्मचारीसँग अन्तिम अवस्थासम्म सँगै बसी निजको हेरचाह गर्ने व्यक्ति ।"

१२. **पुनरावेदन तथा जिल्ला अदालतका न्यायाधीशहरुको पारिश्रमिक, सुविधा तथा सेवाका अन्य शर्त सम्बन्धी ऐन, २०४८ मा संशोधन** : पुनरावेदन तथा जिल्ला अदालतका न्यायाधीशहरुको पारिश्रमिक, सुविधा तथा सेवाका अन्य शर्त सम्बन्धी ऐन, २०४८ को,-

(१) दफा १५ को उपदफा (१) को खण्ड (छ) पछि देहायको खण्ड (ज) थपिएको छ :-

"(ज) प्रसूती स्याहार विदा,"

(२) दफा २१ को उपदफा (१) मा रहेका "साठी" भन्ने शब्दको सट्टा "अन्ठानब्बे" भन्ने शब्द राखिएको छ ।

(३) दफा २१ पछि देहायको दफा २१क. थपिएको छ :-



नेपाल कानून आयोग

"२१क. प्रसूती स्याहार विदा : (१) कुनै न्यायाधीशको पत्नी प्रसूती भएमा निजले पन्ध्र दिनको पारिश्रमिक सहितको प्रसूती स्याहार विदा पाउनेछ ।

(२) प्रसूती स्याहार विदा सेवा अवधिमा दुई पटक मात्र लिन पाइने छ ।"

(४) दफा ३२ को,-

(क) उपदफा (३) मा रहेका " सन्तती वा धर्मपुत्र" भन्ने शब्दहरुको सट्टा "सन्तान" भन्ने शब्द राखिएको छ ।

(ख) उपदफा (४) मा रहेका "सन्तती वा धर्मपुत्र " भन्ने शब्दहरुको सट्टा "विधुर पति वा सन्तान" भन्ने शब्दहरु राखिएका छन् ।

(ग) उपदफा (५) झिकिएको छ ।

(घ) उपदफा (६) मा रहेका "सन्तती, धर्मपुत्र" भन्ने शब्दहरुको सट्टा "सन्तान" भन्ने शब्द राखिएको छ ।

१३. **बीमा ऐन, २०४९ मा संशोधन** : बीमा ऐन, २०४९ को दफा ३८ को उपदफा (१) मा रहेका "क्रमानुसार" भन्ने शब्द पछि "र एकै क्रमका एकभन्दा बढी जीवित नातेदार भएमा दामासाहीले" भन्ने शब्दहरु थपी सोही उपदफाको को खण्ड (क) देखि खण्ड (झ) को सट्टा देहायका खण्ड (क) देखि खण्ड (न) राखिएका छन् :-

"(क) सगोलको पति वा पत्नी,

(ख) सगोलको छोरा, छोरी, विधवा छोरा बुहारी,

(ग) सगोलको बाबु आमा, (विवाहिता महिलाको हकमा सासू ससुरा),

(घ) आफैले पालनपोषण गर्नु पर्ने बाजे बज्यै र छोरापट्टिको नाति, नातिनी,

(ङ) भिन्न बसेको पति पत्नी,

(च) भिन्न बसेको अविवाहिता छोरी, छोरा, विधवा छोरा बुहारी,

(छ) भिन्न बसेका बाबु आमा,

(ज) सगोलको सौतेनी आमा,

(झ) सगोलको सौतेनी छोरा छोरी,

(ञ) सगोलको दाजु भाइ, दिदी बहिनी,

(ट) विवाहिता महिलाको हकमा भिन्न बसेका सासू ससुरा,

(ठ) भिन्न बसेका छोरापट्टिको नाति, अविवाहिता नातिनी,

(ड) भिन्न बसेको सौतेनी आमा,

(ढ) भिन्न बसेका सौतेनी छोरा, अविवाहिता सौतेनी छोरी,

(ण) विवाहिता महिलाको हकमा सगोलको जेठाजु, जेठानी, देवर, देवरानी,

(त) सगोलको भतिजा, भतिजी,

(थ) सगोलको काका, विधवा काकी, भाउजू, भाइ बुहारी,

(द) भिन्न बसेका दाजु भाइ, दिदी बहिनी,

(ध) भिन्न बसेका बाजे, बज्यै, नातिनी बुहारी, भतिजा, भतिजी,

(न) बीमितसँग अन्तिम अवस्थासम्म सँगै बसी निजको हेरचाह गर्ने व्यक्ति ।"

१४. **श्रमजीवी पत्रकार सम्बन्धी ऐन, २०५१ मा संशोधन** : श्रमजीवी पत्रकार सम्बन्धी ऐन, २०५१ को दफा २ को खण्ड (ज) मा रहेको "अविवाहिता" भन्ने शब्द झिकिएको छ ।

१५. **महान्यायाधिवक्ताको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धी ऐन, २०५२ मा संशोधन** : महान्यायाधिवक्ताको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धी ऐन, २०५२ को दफा १० को उपदफा (२) मा रहेको "श्रीमती" भन्ने शब्दपछि "वा श्रीमान्" भन्ने शब्दहरु थपी सोही उपदफामा रहेको "श्रीमतीको" भन्ने शब्दको सट्टा "श्रीमती वा श्रीमान्को" भन्ने शब्दहरु राखिएका छन् ।

१६. **संवैधानिक निकायका पदाधिकारीहरुको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धी ऐन, २०५३ मा संशोधन** : संवैधानिक निकायका पदाधिकारीहरुको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धी ऐन, २०५३ को दफा ११ को उपदफा (२) मा रहेको "श्रीमती" भन्ने शब्द पछि "वा श्रीमान्" भन्ने शब्दहरु थपी सोही उपदफामा रहेको "श्रीमतीको" भन्ने शब्दको सट्टा "श्रीमती वा श्रीमान्को" भन्ने शब्दहरु राखिएका छन् ।

१७. **संसदका महासचिव, प्रतिनिधिसभाका सचिव तथा राष्ट्रियसभाका सचिवको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धी ऐन, २०५५ मा संशोधन** : संसदका महासचिव, प्रतिनिधिसभाका सचिव तथा राष्ट्रियसभाका सचिवको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धी ऐन, २०५५ को दफा १५ को उपदफा (२) मा रहेको "श्रीमती" भन्ने शब्द पछि "वा श्रीमान्" भन्ने शब्दहरु थपी सोही उपदफामा रहेको "श्रीमतीको" भन्ने शब्दको सट्टा "श्रीमती वा श्रीमान्को" भन्ने शब्दहरु राखिएका छन् ।

१८. **आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ मा संशोधन** : आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ को दफा ७ को उपदफा (३) को प्रतिबन्धात्मक वाक्यांश झिकिएको छ ।

१९. **संसद सचिवालय सम्वन्धी ऐन, २०५८ मा संशोधन** : संसद सचिवालय सम्बन्धी ऐन, २०५८ को,-

(१) दफा १९ को खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएको छ :-

"(घ) पुरुषको हकमा पैतीस वर्ष र महिलाको हकमा चालीस वर्ष उमेर पूरा भैसकेका,"

(२) दफा २२ को उपदफा (२) मा रहेका "त्यस्तो कर्मचारीलाई" भन्ने शब्दहरुको सट्टा "महिला कर्मचारी भए छ महिनाको र पुरुष कर्मचारी भए" भन्ने शब्दहरु राखिएका छन् ।"